Sanima Bank
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

मिति : २०७९/०९/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

विषयः १८ औं वार्षिक साधारणसभाको निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस सानिमा बैंक लिमिटेडको २०७९ पौष ३ (डिसेम्बर १८, २०२२) गते आइतबारका दिन आम्रपाली ब्यांकेट, वालुवाटार, काठमाडौँमा सम्पन्न १८ औं वार्षिक साधारणसभाको निर्णय (माइन्युट) यसै साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

संलग्न :
१. साधारण सभाको काम कारबाहीको निर्णय विवरण माइन्युट) ।

P.O. Box: 20394, 'Alakapuri', Naxal Kathmandu | Tel.: +977-01-5970033. | Fax: +977-1-4428969 | Email: sanima@sanimabank.com | www.sanimabank.com | SWIFT: SNMANPKA

## सानिमा बैंक लिमिटेडको
## अठारौं वार्षिक साधारण सभाको निर्णय

यस बैंकको संचालक समितिका अध्यक्ष श्री तुकप्रसाद पौडेलको अध्यक्षतामा बि.सं.२०७९ साल पौष ३ गते (डिसेम्बर १८, २०२२) आइतबार बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म आम्रपाली ब्यांकेट, वालुवाटार, काठमाडौंमा सम्पन्न भएको १८औं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

१. उपस्थिति :

**क. सभामा उपस्थित सञ्चालकहरु :**

१. श्री तुकप्रसाद पौडेल - अध्यक्ष
२. श्रीमती गायत्री थापा - संचालक
३. डा.केशवप्रसाद आचार्य - संचालक
४. श्री भरतकुमार पोखरेल - संचालक
५. श्री महेश घिमिरे - संचालक
६. श्री बलराम पराजुली - संचालक

ख. अन्य पदाधिकारीहरु :

१. श्री निश्चलराज पाण्डे - प्रमूख कार्यकारी अधिकृत
२. श्री पवन कुमार आचार्य - नायव प्रमूख कार्यकारी अधिकृत
३. श्री बिफोर झा - प्रमूख वित्त तथा ट्रेजरी
४. श्री भिष्मराज चालिसे - प्रमुख कार्यकारी अधिकृत,सानिमा क्यापिटल लिमिटेड
५. श्री रूद्रप्रसाद बन्जरा - कम्पनी सचिव

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

१. श्री बिष्णु पौडेल - कम्पनी रजिष्ट्रारको कार्यालय
२. सुश्री आस्था विष्ट - वाह्य लेखापरीक्षक एस.आर.पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्स,
३. श्री बद्री विशाल घिमिरे - कानूनी सल्लाहकार
४. अधिवक्ता सुश्री आकृति कटुवाल - निर्वाचन अधिकृत

**घ. शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत :**

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | बिद्युतिय माध्याम मार्फत | | | |
| संस्थापक शेयरधनी | ८५ | ५,७७,८३,३९२.२० | २२ | २२ | २ | ४६ | ५,५५,६२,५९५ | ५८.८२ |
| सर्वसाधारण शेयरधनी | ६८,२१८ | ५५,४९०,३८१.०६ | ३४९ | ३२ | ५ | ३८६ | १,१०,६०,०५९ | |
| **जम्मा** | ६८,३०३ | ११,३२,७३,७७३.२६ | ३७१ | ५४ | ७ | ४३२ | ६,६६,२२,६५४ | |

(संस्थापक समूहतर्फ भौतिक रुपमा उपस्थित २२ जनाको ३,१९,७०,१४६ कित्ता, प्रोक्सी मार्फत २२ जनाको २,३१,४२,१११ कित्ता, विद्युतिय माध्यमबाट २ जनाको ४,५०,३३८ कित्ता तथा सर्वसाधारण समूह तर्फ भौतिक



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

रुपमा उपस्थित ३४९ जनाको ७४,५८,६५५ कित्ता, प्रोक्सी मार्फत ३२ जनाको ३४,३२,४९८ कित्ता, विद्युतिय माध्यमबाट ५ जनाको १,६८,९०६ कित्ता) ।

**ङ. गणपुरक संख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको मिति:२०७९ साल मार्ग २ गते बसेको ५२८ औं बैठकको निर्णयानुसार बैंकको १८ औं वार्षिक साधारणसभाको सूचना मिति: २०७९ मार्ग ३ गते "राजधानी" राष्ट्रिय दैनिक र मार्ग २१ गते "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो । कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरक संख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं, प्रोक्सी तथा भर्चुअल मार्फत ५८.८२ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराइयो ।

**२. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको १८ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७८/७९ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/७९ को मुनाफा समेतबाट चुक्ता पुजींको ०.९८ प्रतिशत नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

६. सर्वसाधारण समूह (समूह "ख") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको अधिकृत पूजीं रू.१२ अर्बलाई वृद्धि गरी रू.१५ अर्ब पुर्‍याउने ।

२. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/७९ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पुजीं वृद्धि गर्ने ।

३. कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

४. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

ग. विविध ।

३. **सभाको प्रारम्भ :**
मितिः २०७९।०८।०२ मा बसेको संचालक समितिको ५२८ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम १८औं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री रूद्रप्रसाद बन्जाराले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुतः**
सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेलले सभामा स्वयं तथा भर्चुअल माध्यमबाट उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन आ.व.२०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन,वित्तिय अवस्थाको विवरण,नाफा-नोक्सान विवरण,नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण तथा सानिमा क्यापिटल सहितको एकीकृत वित्तीय विवरण आदि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित तथा भर्चुअल माध्यमबाट शेयरधनीहरु श्री गुणराज भट्ट, श्री अमृतनाथ रेग्मी, श्री चन्द्रनारायण श्रेष्ठ, श्री अंगराज भारती, श्री डमरुबल्लभ घिमिरे, श्री शिवप्रसाद पौडेल, श्री उद्धव प्रसाद घिमिरे, श्री रोज कुमार श्रेष्ठ श्री व्यास कुमार शर्मा, श्री ब्रम्हदेव शाक्य, श्री सुदिप श्रेष्ठ, श्री भक्ति प्रसाद उप्रेती, श्री शत्रुधन श्रेष्ठ,श्री दामोदरप्रसाद रेग्मी, श्री कृष्णप्रसाद अधिकारी, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री राम गोपाल महर्जन, श्री लवराज जोशी र श्री उत्सव श्रेष्ठले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

**जवाफ :**
शेयरधनीहरुबाट उठाइएका जिज्ञाशाहरुको सम्बन्धमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री निश्चलराज पाण्डेले प्रष्ट पार्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने व्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरुः**

क. **सामान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको १८ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७८/७९ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

वाह्य लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७८/७९ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरीयो ।

३. **यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारीत गरियो ।

४. **कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने :**

यस बैंकको आ.व.२०७९/०८० को प्रचलित कानूनी व्यवस्था बमोजिम लेखापरीक्षण गर्नका लागि वाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा छलफल हुदा बैंकको लेखापरीक्षण समितिले इच्छुक आवेदकले लेखापरीक्षण गर्न पाँउ भनि आवेदन गरेका तीन जना लेखापरीक्षकहरु नियुक्तिको लागि सिफारिस गरे बमोजिम PKF T.R.Upadhya & Co. Chartered Accountants काठमाण्डौंलाई चालू आ.व.२०७९/०८० को लेखापरीक्षण कार्य गर्न लेखापरीक्षकमा नियुक्ति गरि निम्न बमोजिम पारीश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

**पारिश्रमिक :**
लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) गरे वापत मूल्य अभिवृद्धि कर बाहेक रू.२०,५०,०००।- (बीस लाख पचास हजार) मात्र उपलब्ध गराउने । यस बाहेक अन्य कुनै सुविधा तथा खर्च उपलब्ध गराइने छैन ।

५. **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुजींको ०.९८ प्रतिशत नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

१८ औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि (वि.सं.२०७९/०८/१८) सम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको ०.९८



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

प्रतिशतका दरले हुने रू.११,१०,०८,२९७८० (लाभांश कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्ने सर्वसम्मतिबाट पारीत गरियो ।

६. **सर्वसाधारण समूह (समूह "ख") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।**

यस बैंकको सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तपसीलमा उल्लेखित २ (दुई) जना सर्वसाधारण शेयरधनीहरु आगामी ४ (चार) वर्षका लागि संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिबक्ता आकृती कटुवालले सभा समक्ष घोषणा गरी जानकारी गराउनु भएकोमा सोलाई सर्वसम्मतिबाट पारित गरियो ।

तपसील :

१. श्री रमेश कुमार पोखरेल
२. श्री आशुतोष उपाध्याय

(ख) **विशेष प्रस्तावहरु :**

१. **बैंकको अधिकृत पूजीँ रू.१२ अर्बलाई वृद्धि गरी रू.१५ अर्ब पुऱ्याउने ।**
बैंकको हाल कायम रहेको अधिकृत पूँजीलाई वृद्धिगरी प्रबन्धपत्रमा निम्नानुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**दफा ५(क):** बैंकको अधिकृत पुँजी रू.१५,००,००,००,०००।-(अक्षरेपि पन्ध्र अर्ब मात्र) हुनेछ । उक्त पुजीँलाई रू.१०० का दरका १५,००,००,००० थान साधारण शेयरमा विभाजन गरिनेछ ।

२. **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पुजीँ वृद्धि गर्ने ।**

१८ औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघिसम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको १०% (दश प्रतिशत) का दरले हुने **रू.१,१३,२७,३७,७३२।६४** (एक अर्ब तेह्र करोड सत्ताईस लाख सैत्तीस हजार सातसय बत्तीस रुपैया चौसठ्ठी पैसा मात्र) बराबरको रू.१०० अंकित दरका ११,३३,२७,३७७.३३ कित्ता वोनस शेयर वितरण गर्ने र निम्नानुसार बैंकको जारी तथा चुक्ता पूजीँ वृद्धि गरी प्रवन्धपत्रमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

**दफा ५(ख) :** बैंकको जारी पूँजी रू.१२,४६,०१,१५,०५९।०२ (अक्षरेपी बाह्र अर्ब छयालीस करोड एक लाख पन्ध्र हजार उनन्साठी दशमलव दुई पैसा मात्र) हुनेछ । सो पूँजीलाई रू.१०० को दरका १२,४६,०१,१५०.५९ (बाह्र करोड छयालीस लाख एक हजार एकसय पचास दशमलव उनान्साठी पैसा मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

५

**दफा: ५(ग):** बैंकको चुक्ता पूँजी रू.१२,४६,०१,१५,०५९.०२ (अक्षरेपी बाह्र अर्ब छयालीस करोड एक लाख पन्ध्र हजार उनन्साठी दशमलव दुई पैसा मात्र) हुनेछ ।

३. **कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस बैंकमा अन्य कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

४. **बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।**

उक्त कार्यका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

ग. विविध :

क. सर्वसाधारण शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्नु भएका निवर्तमान संचालकहरु श्री भरत कुमार पोखरेल र श्री महेश घिमिरेलाई आफ्नो कार्यकालमा पुऱ्याउनु भएको योगदान प्रति साधारणसभाबाट धन्यवाद ज्ञापन गर्ने निर्णय पारित गरियो ।

७. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

शेयरधनी महानुभावहरुको सकृय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षण समिति, सम्वन्धित निकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारी वर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले १८ औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**रूद्रप्रसाद बन्जरा**
**कम्पनी सचिव**

**तुकप्रसाद पौडेल**
**अध्यक्ष**

मिति : २०७९।०९।०३